*ज्ञानदीप, विज्ञसमीक्षित जर्नल*
*वर्ष १०, अङ्क १, २०८१, असार, पृ. २२–३१*
*ISSN 2382–543X*
*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

# जनसाहित्यिक रचनाको औचित्य

तीर्थराज भट्टराई

जनता बहुमुखी क्याम्पस, इटहरी

tirtha2033@gmail.com

## लेखसार

जनताका लागि लेखिने साहित्य जनसाहित्य हो । यसले शोषितपीडित जनसमुदायको हित गर्ने साहित्य र कलालाई बुझाउँछ । बहुसङ्ख्यक श्रमजीवी जनताको जीवनसङ्घर्ष, त्याग बलिदान र मुक्तिका लागि सङ्गठित हुन र सङ्घर्ष गर्न प्रेरणा दिनु जनसाहित्यको मुख्य ध्येय हो । पुस्तकालयअध्ययनका माध्यमबाट सामग्री सङ्कलन गरी प्राप्त भएका सामग्रीका सहयोगमा वर्णनात्मक, तुलनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी जनसाहित्य सिर्जनाको उद्देश्य, अध्यात्मवादी साहित्य र जनसाहित्यका बिचमा पाइने फरक, प्रगतिशील साहित्य र प्रगतिवादी साहित्य वा जनसाहित्यका बिचका भिन्नता, नेपालका सन्दर्भमा जनसाहित्य रचनाको औचित्य र साहित्यको अन्तर्वस्तु तथा रूपसम्बन्धी जनसाहित्यिक वा प्रगतिवादी साहित्यक मान्यता के कस्ता रहेका छन् भन्ने मूल प्रश्नमा केन्द्रित रही यो अध्ययन सम्पन्न गरिएको छ । नेपालमा वामपन्थी नेता सरकारमा पुगे पनि श्रमजीवी वर्गको अवस्थामा कुनै परिवर्तन नआएकाले विपन्न मजदुर र किसानका जीवन कहानी लेख्नै पर्ने भएकाले जनवादी साहित्य रचनाको औचित्य रहेको छ । जनसाहित्य र अन्य साहित्यका बिचमा रहेका भिन्नता पहिचान र यिनीहरूका बिचमा पाइने प्रमुख भिन्नता पहिचानसम्बन्धी अध्ययन गर्ने अध्येता, स्वतन्त्र पाठक, साहित्यसर्जक तथा शिक्षणकार्यमा संलग्न शिक्षक तथा विद्यार्थीवर्गलाई सहयोग पुग्न सक्छ ।

*शब्दकुञ्जी :* जनसाहित्य, द्वन्द्वात्मक भौतिकवाद, प्रगतिवाद, श्रमजीवी वर्ग,समाजवाद

## विषयपरिचय

जनताको साहित्य नै जनसाहित्य हो । सामान्यतः जनता भन्नाले सरकारभन्दा बाहिरको पङ्क्ति बुझिन्छ । न्यायपालिका, कार्यपालिका र न्यायपालिकाभन्दा बाहिरका जोसुकैलाई जनता भनी उल्लेख गरिएको पाइन्छ । प्रगतिवादी दृष्टिकोणमा आफ्नै पसिनाबाट जीविकोपार्जन गर्ने अथवा अरूलाई शोषण नगर्ने जनसमुदाय नै जनता हुन् । अतः शोषितपीडित बहुसङ्ख्यक जनसमुदाय नै वास्तविक जनता हुन् । त्यस अर्थमा जनसाहित्य भन्नाले वास्तविक जनताको साहित्य अर्थात् शोषितपीडित जनसमुदायको हित गर्ने साहित्य र कलालाई बुझिन्छ । जनताका लागि लेखिने साहित्य जनसाहित्य हो । जनता को हुन् भन्ने प्रश्नको उत्तर सजिलो छैन किनकि जनतासम्बन्धी दृष्टिकोणमा विविधता पाइन्छ । एक थरीका विचारमा देशको भूभागमा रहने सबै नागरिक जनता हुन् । तर यो विचार पूर्ण सत्य होइन । थोरै मानिसले धर्म, संस्कार, संस्कृति र राज्यसत्ताजस्ता कुराको सहयोग लिएर विभिन्न भ्रमजाल फैलाउँदै बहुसङ्ख्यक जनतालाई विविध प्रकारका शोषण गरेका हुन्छन् । थोरै सामन्त वर्गले धेरै सर्वसाधारणलाई विभिन्न

भ्रमजाल पैदा गर्दै शोषण गर्ने प्रारूप तयार पार्ने हुँदा जनताभित्र राज्यका सबै जनता समेटिन सक्दैनन् । थोरै टाठाबाठाले राज्यसंयन्त्रमा रहेर श्रमजीवी बहुसङ्ख्यक जनतालाई शोषण गर्छन् । टाठाबाठा, तिनका मतियार र दलाल प्रकृतिका मानिसहरू पनि वास्तविक जनताभित्र पर्दैनन् । त्यसैले श्रमजीवी बहुसङ्ख्यक जनतामात्र वास्तविक जनताको परिभाषाभित्र पर्छन् । अतः बहुसङ्ख्यक श्रमजीवी जनताको जीवनसङ्घर्ष, त्याग बलिदान र मुक्तिका लागि सङ्गठित हुन प्रेरणा दिने साहित्य नै जनसाहित्य हो ।

समाजपरक समालोचनाको मार्क्सवादी रूप नै प्रगतिवाद हो । यसकै जगमा जनसाहित्य अडिएको हुन्छ । राजनीतिमा साम्यवाद, सामाजिक तथा आर्थिक क्षेत्रमा समाजवाद, दार्शनिक क्षेत्रमा द्वन्द्वात्मक भौतिकवादजस्ता कुराले अभिव्यक्त गर्ने अर्थकै तात्पर्यमा साहित्यमा प्रगतिवाद शब्दको प्रयोग हुँदै आएको छ । जीवनका यथार्थ वस्तुसत्यतिर साहित्यक चेतना उन्मुख गराउने साहित्यिक आन्दोलन विशेषका रूपमा पनि यसलाई चिनाइएको पाइन्छ । प्रगतिवादमा सर्वहारा वर्गलाई माथि उकास्ने उद्देश्य राखिने भएकाले यसलाई जनसाहित्य वा जनमुखी साहित्यका रूपमा पनि चिनाउन सकिन्छ । त्यसैले साहित्यमा प्रगतिवाद शब्दकै तात्पर्यमा जनसाहित्य शब्दको प्रयोग गरिन्छ । जनसाहित्यमा समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, उत्पीडन, विकृति, विसङ्गति र विभेदहरूको वैचारिक रूपमा विरोध गरिन्छ । अतः यस्तो साहित्यमा सामाजिक परिवर्तन तथा रूपान्तरणका लागि विद्रोह एवम् सर्वहारा, कृषक, मजदुर आदिका मुक्तिका लागि बुलन्द आवाज उठाइन्छ ।

जनसाहित्यका बारेमा फरकफरक मत छन् । सामान्य दृष्टिकोणबाट हेर्दा देशका सबै साहित्य, कला जनसाहित्य हो । कला क्षेत्रको मात्र कुरा गर्दा पप गीत, आधुनिक गीत, लोक गीत, शास्त्रीय सङ्गीत सबै जनपक्षीय कला हुन् । जनताको दृष्टिकोणबाट हेर्दा जनपक्षीय साहित्य भनेको दुःखीगरिबको साहित्य हो । मिहिनेत गर्ने कामदार, पिछडिएका तहतप्काको दुःख, पिर, व्यथाको चित्र उतार्ने साहित्य वा कला नै जनसाहित्य हो । पसिनाको महिमा गर्ने साहित्य तथा कला नै जनसाहित्य हो । जनसाहित्यको सौन्दर्यतत्त्व पसिना हो भने पसिनालाई सुगन्धित ठान्नु जनपक्षीय सौन्दर्य चिन्तन हो । यो मूलत: प्रगतिवादी चेतनाको जगमा अडिएको हुन्छ । यसले ऐतिहासिक वर्गसङ्घर्षरूपी यात्रालाई सचेतपूर्ण ढङ्गले नियाल्दै र सामन्ती तथा बुर्जुवाहरूका कुत्सित एवम् कुटिल कर्तुतलाई जनतासामु छर्लङ्ग बनाउँछ । त्यसैले जनसाहित्यमा बहुसङ्ख्यक श्रमजीवी, गरिब किसान, मजदुर, पसिना बगाउने भूमिहीन किसान र तिनका पक्षधरको मुक्तिका लागि अवाज उठाइएको हुन्छ । यसर्थ बहुसङ्ख्यक जनताको मुक्ति र उनीहरूको वर्ग सत्ताको स्थापना गर्न ऊर्जा प्रदान गर्न सक्ने क्षमता लुकेको साहित्य नै जनसाहित्य हो भन्न सकिन्छ ।

प्रस्तुत लेखमा जनसाहित्य सिर्जनाको उद्देश्य, अध्यात्मवादी साहित्य र जनसाहित्यका बिचमा पाइने फरक, प्रगतिशील साहित्य र प्रगतिवादी साहित्य वा जनसाहित्यका बिचका भिन्नता, नेपालका सन्दर्भमा जनसाहित्य रचनाको औचित्यको सवाल र साहित्यको अन्तर्वस्तु तथा रूपसम्बन्धी जनसाहित्यक वा प्रगतिवादी साहित्यक मान्यता के कस्ता रहेका छन् भन्ने प्रश्नको समाधान खोज्ने मुख्य ध्येय राखिएको छ । त्यसैले यिनै यिनै मुख्य सीमामा केन्द्रित रही यो अध्ययन गरिएको छ । यसको निष्कर्षबाट जनसाहित्यिक वा प्रगतिवादी साहित्यका बारेमा जानकारी लिन चाहने जिज्ञासुहरू लाभान्वित हुन सक्नेछन् ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा गुणात्मक ढाँचाको अवलम्बन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा तथ्याङ्क सङ्कलनको साधनका रूपमा पुस्तकालय कार्यको प्रयोग गरिएको छ । अध्ययनका क्रममा आवश्यकताअनुसार

पुस्तकालय कार्यका माध्यमबाट द्वितीयक स्रोतका सामग्री सङ्कलन गरिएको छ। नेपाली भाषामा लेखिएका साहित्यशास्त्रसँग सम्बन्धित विभिन्न पुस्तकहरूका साथसाथै जनसाहित्यसँग सम्बन्धित विभिन्न जर्नल तथा अनुसन्धानमूलक लेख तथा सन्दर्भपुस्तक समेतको सहयोग लिएर जनसाहित्य सिर्जनाको उद्देश्य, अध्यात्मवादी साहित्य र जन साहित्यका बिचमा पाइने फरक, प्रगतिशील साहित्य र प्रगतिवादी साहित्य वा जन साहित्यका बिचका भिन्नता, नेपालका सन्दर्भमा जनसाहित्यक रचनाको औचित्य र साहित्यको अन्तर्वस्तु तथा रूपसम्बन्धी जन साहित्य वा प्रगतिवादी साहित्यका मान्यता के कस्ता रहेका छन् भन्ने मूल प्रश्नमा केन्द्रित रही तुलनात्मक तथा वर्णनात्मक विधिको प्रयोग गरी यो अध्ययन सम्पन्न गरिएको छ।

## नतिजा र छलफल

जनताको पक्षमा लेखिने साहित्य नै जनसाहित्य हो। यस्ता साहित्यमा बहुसङ्ख्यक श्रमजीवी, गरिब किसान, मजदुर, श्रमपसिना बगाउने भूमिहीन किसान र तिनका पक्षधरको मुक्तिका लागि बुलन्द अवाज उठाइन्छ। विलासी, भद्दा, भड्किलो, महङ्गो तथा सामन्ती बुर्जुवा संस्कृतिको तीव्र विरोध गर्नु र राष्ट्रिय जनसंस्कृति निर्माणमा विशेष जोड दिनु यस्ता साहित्यको मूल ध्येय हुन्छ। त्यसैले समाजलाई सांस्कृतिक भ्रष्टीकरणबाट जोगाई जनसंस्कृति निर्माणको अभियान निर्माणमा जनसाहित्यले सहयोग गर्दछ। यसर्थ बहुसङ्ख्यक जनताको मुक्ति र उनीहरूको वर्ग सत्ताको स्थापना गर्न ऊर्जा प्राप्त गर्न सक्ने क्षमता लुकेको साहित्य नै जनसाहित्य हो भन्न सकिन्छ। यसलाई सूक्ष्म रूपमा चिनाउनका लागि विभिन्न उपशीर्षक राखी विश्लेषण गरी निष्कर्षमा पुग्ने काम यस अध्ययनमा गरिएको छ।

### जनसाहित्य सिर्जनाको मुख्य उद्देश्य

राज्यमा विविध प्रकारका समस्या रहेका हुन्छन्। समाजको एउटा ठूलो वर्ग राज्यसत्ताबाट शोषित, पीडित र उपेक्षित छ। राज्यकै विभिन्न निकायबाट जनताकै नाममा सीमित शोषक वर्गले बहुसङ्ख्यक सर्वहारा जनतालाई शोषण गरेका छन्। सामाजिक परिवर्तनसँगै परम्परागत रूपमा हुने गरेका शोषणका रूप फेरिए तर सारमा कुनै परिवर्तन भएको छैन। जसरी समाज र जनतालाई बुझ्ने दृष्टिकोणमा विविधता आउँछ त्यसरी नै साहित्य सिर्जनामा पनि विविधता आउँछ। जीवनजगत्का विचार वा दृष्टिकोणलाई जनसाहित्यकारले साहित्यमार्फत् व्यक्त गर्दा सुन्दर भावना पैदा हुन पुग्छ। साहित्य सिर्जनाले लामो समयदेखिको शोषण, उत्पीडनको वास्तविकताको बोध मात्र नभएर त्यसबाट उन्मुक्त हुने पथप्रदर्शनसमेत हुन पुग्छ। मानिसलाई धर्मका नाममा, संस्कृति वा परम्पराका नाममा, भाषाका नाममा, लिङ्ग वा अन्य विविध नाममा कसरी विभिन्न भ्रमजाल सिर्जना गर्दै विशाल जनसङ्ख्यालाई गुलामी गर्न बाध्य पारिन्छ भन्ने कुरामा जनसाहित्यकारले खोतलखातल पार्दछ। प्रगतिवाद वा जनसाहित्यले जातीय उत्पीडन, महिला समस्या,स्वधीनता, स्वतन्त्रता, भाषिक समानताजस्ता कुरामा पनि द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण र गतिशील यथार्थकै केन्द्रविन्दुमा व्याख्या र विश्लेषण गर्दछ (भट्टराई, २०७४, पृ. ३०)। समाजमा रहेका सबै खाले अवैज्ञानिक पद्धति र परम्परागत राज्यशक्तिले कसरी नागरिकलाई अन्धकारमा राखेर उनीहरूलाई ठगिरहेको छ भन्ने कुराको यथार्थ जानकारी दिई आफूमाथिका अन्याय र शोषणको उन्मुक्तिका लागि वास्तविकताको बोध गराउनु जनसाहित्यको प्रमुख उद्देश्य रहेको हुन्छ।

जनसाहित्यले इतिहासको सजग बोध गराँउछ। साहित्य र राजनीति एक अर्कामा सम्बन्धित हुन्छन्। राजनीति जनताका लागि जनताले नै गर्ने हो। विषय सामग्री जनताबाट लिएर परिष्कार गरी कलायुक्त बनाई जनताकै सेवामा साहित्यलाई समाजमा पस्कनु जनतान्त्रिक प्रगतिवादी साहित्यकारको काम हो ( पोखरेल, २०६९, पृ.

११०) । विश्व इतिहासको प्रारम्भदेखि वर्तमानसम्म नियाल्दा साम्राज्यवादी र शक्तिसम्पन्न राज्य तथा विश्वका उत्पीडनमा बाँचेका राज्यभित्रका अन्तरविरोध प्रशस्त रहेका छन् । साम्राज्यवादी तथा विस्तारवादी राज्यहरूले विश्वलाई आफ्नो बनाउन वा आफ्नो पक्षको प्रभुत्व स्वीकार गर्न बाध्य पार्दै जाँदा विश्वका विभिन्न देशमा आआफ्ना पक्षका समर्थकका हुल निर्माण गरिरहेका छन् । यसै बिचमा पनि विश्वका शोषित, पीडित जनताको मुक्तिका लागि विभिन्न स्थान, देशमा भएका मुक्ति युद्धमा जनताको विजयका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै सहयोग र समर्थन भइरहेको पाइन्छ । यसरी वर्ग कित्ता विभाजित वर्तमानमा साहित्य पनि वर्गीय हुने नै भयो । विगतदेखि वर्तमानसम्मको वर्गसङ्घर्षको इतिहासलाई सही दिशामा अघि बढ्न नदिन दक्षिणपन्थी, सुधारवादी तथा  नवसंशोधनवादीहरूले विभिन्न प्रकारका तर्ककुतर्कको सहयोग लिएर समाजलाई दिग्भ्रमित बनाउँछन् । यस्तो अवस्थामा जनसाहित्यकारले यथार्थको बोध गराँउछन् । अतः समयको बोध, जनताको उन्मुक्ति, शोषणविहीन समाजको परिकल्पना जनसाहित्यकारले मात्र गर्न सक्छ । इतिहासको वास्तविक बोध गरी वर्ग दुस्मनको पहिचानसहित वास्तविक जनताका लागि साहित्य सिर्जना गर्ने काम जनसाहित्यकारको  हो ।

जनसाहित्यले उन्नत समाज निर्माणको  सपना देख्छ । समयको लामो शृङ्खलामा पछि परेको मानव समुदाय राज्यका विविध सुविधाबाट वञ्चित हुनुको कारण खोतल्ने काम यसले गर्छ । यसले वर्तमानसम्म  पनि पूर्ण  र सुखी मानवको स्थान प्राप्त हुन नसक्ने अवस्थाको वैज्ञानिक अन्वेषण गर्दछ । मानवले  पूर्ण मानव भएर  जिउन नसक्नुको तीतो सत्यलाई वैज्ञानिक पद्धतिका आधारमा  विश्लेषण गर्छ । धर्म, संस्कार, जीवन र जगत्लाई हेर्ने दृष्टिकोण राज्यको शासन प्रणाली, समाज रूपान्तरणका अवयवहरूको चिरफार गर्दै जनसाहित्यले नवीन विचार प्रवाह गरी समाजलाई रूपान्तरण गर्दछ । यसले वर्गीय मुक्तिका लागि सङ्गठित हुन प्रेरणा दिन्छ  र समाज रूपान्तरण गर्न सहयोग गर्छ. । जनसाहित्यले सामाजिक कर्तव्यको बोध गराउँदै सबैखाले परिवर्तन बहुसङ्ख्यक जनताको हितमा हुनुपर्छ र वर्गसङ्घर्षलाई शिथिल पार्ने वा ढाकछोप गर्नेजस्ता कार्यलाई भन्डाफोर गर्छ ।

**अध्यात्मवादी  साहित्य, बुर्जुवा साहित्य  र जनसाहित्य**

विश्वव्यापी रूपमा अनेक वाद र विचार रहेका छन् ।  ती सबै वाद र विचारका आधारमा साहित्यका आआफ्नै मान्यता छन् । अध्यात्मवादले मरेपछिको जीवनलाई  प्राथमिकता दिई सम्पूर्ण साहित्यिक मान्यता त्यसैमा केन्द्रित गरेको देखिन्छ । अध्यात्मवाद  अवस्तुवादी  अवैज्ञानिक र  मिथ्या चेतनावादी चिन्तन हो ।... शास्त्रीयतावाद स्वच्छन्दतावाद र  उत्तरआधुनिकतावाद समेतको दार्शनिक आधार भनेको अध्यात्मवाद नै हो ( तिमल्सेना, २०६४, पृ. ९०) । यस्तै  विचारबाट प्रेरित भएर राजा, महाराजा वा सामन्तहरूले लेखक–कविहरूलाई आफ्नो प्रशंसामा केन्द्रित गराएका छन् । पुराणकालीन र महाभारतकालीन साहित्य मूलतः अध्यात्मवादी, कर्मकाण्डी र राजामहाराजाहरूको प्रशंसामै केन्द्रित देखिन्छन् । यस्ता साहित्यमा मानिसको स्वतन्त्र मनोविज्ञानलाई ध्वस्त पारिएको छ । कथित ईश्वरभक्तिको नाममा विकृतिपूर्ण नीतिनियम बनाइएको छ । धर्मका नाममा अनुयायीलाई आफ्नो भक्त बनाइएको छ । त्यस्ता साहित्यमा अन्धविश्वासको सगरमाथा  भेटिन्छ । महिला, अनाथ, अशक्तलाई तल्लो दर्जामा राखेर चर्चा गरिएको पाइन्छ ।

अध्यात्मवादी साहित्यमा  निम्न वर्गलाई व्यापक उपेक्षा गरिन्छ । संसार सिर्जनामा जुन वर्गको हात रहेको छ त्यही वर्गलाई उपेक्षा गर्नेजस्तो जघन्य अपराधपूर्ण काम अध्यात्मवादी साहित्यले गरेको भेटिन्छ । श्रम र सिपमा घृणा

उत्पन्न गराउने, कामदार वर्गप्रतिको उपेक्षा भाव राख्ने, अमानवीय र अवस्तुवादी, चिन्तनलाई मलजल गर्ने काम त्यस प्रकारको साहित्यले गरेको पाइन्छ ।

बुर्जुवा साहित्यकारहरूले आफ्ना सृजनामार्फत् कला, विचार र शैलीजस्ता विभिन्न बहानामा यथास्थितिवादलाई बढावा दिने काम गरिरहेका हुन्छन् । यौन आवश्यकताको इन्कार कसैले गर्दैनन् तर बुर्जुवा वर्गका सम्पूर्ण सृजनाहरू यौनकै वरिपरि घुमिरहन्छन् । त्यस्ता रचनामा कुनै अग्रगामी सोचाइ हुँदैन । झिनो अग्रगामी सोचाइ देखिए तापनि ती यौनकेन्द्रित मात्र हुन्छन् र तिनले भ्रममात्र छर्छन् । असामाजिक प्रकारको चिन्तनलाई यथार्थको भ्रम दिन्छन् । सत्यलाई ढाकछोप गर्छन् । मानव जातिको श्रम खाने तर त्यो यथार्थलाई स्वीकार गर्न नसक्नु बुर्जुवा साहित्यको प्रवृत्ति देखिन्छ । उनीहरू कल्पनाको जहाज चढेर संसार घुम्छन् । भौतिक विमानमा चढेर संसार घुम्दैनन् । कल्पना र राजामहाराजाको प्रशंसामा केन्द्रित रहेर बुर्जुवा साहित्य तयार हुन्छ । यथार्थ र समसामयिक विषयलाई इन्कार गरेर कल्पना र राजा–महाराजाको प्रशंसामा केन्द्रित रहने बुर्जुवा साहित्यले विज्ञानका उपलब्धिलाई निरर्थक ठान्छ र परम्पराकै निरन्तरतामा रमाउँछ ।

जनसाहित्य वा प्रगतिवादी साहित्य वैज्ञानिक र वस्तुवादी धरातलमा अडेको हुन्छ । यो मानवका ठोस समस्यामा केन्द्रित हुन्छ । जनसाहित्यले यथार्थ जीवनको चित्रण गर्छ । जनपक्षीय लेखनमा यथार्थ दृष्टिचेतनको कलात्मक उपयोग गरिन्छ (तिमल्सेना, २०६९, पृ.९०) । मानवजातिको चिन्तन र विकासमा भौतिकवादले गरेको प्रगतिलाई त्यसले स्वीकार गर्दछ । जनसाहित्यले पक्षपातपूर्ण वितरण प्रणालीको अन्त्यका लागि निरन्तर सङ्घर्ष गर्दै सम्पूर्ण मानव बिनाभेदभाव एकै प्रकारको हुनुपर्दछ भन्ने मान्यतामा जोड दिन्छ । जनमुखी वर्गप्रेम नै सृजनाको लक्ष्य निर्धारण गर्ने तत्त्व हो (खतिवडा, २०६९, पृ.१२४) । यसले साहित्यमो स्वर्ग तथा नरकका कथित कल्पनाहरूको अन्त्य हुनु पर्छ र मानिसलाई थुनछेक गर्ने राष्ट्रका पर्खाल भत्किनु पर्दछ भन्ने मान्यता राख्छ । त्यसै गरी राजनीतिक विचार र सङ्गठनमा देखा पर्ने सबै खाले अवसरवादी प्रवृत्तिको अन्त्य हुनुपर्छ भन्ने कुरामा यसले जोड दिन्छ । समाजपरक समालोचना वा प्रगतिवादी साहित्यले समाज र साहित्यका बिचका घनिष्ट सम्बन्धमा जोड दिन चाहन्छ (त्रिपाठी, २०५८, पृ.१६५) । त्यसैले जनसाहित्यकार कल्पनाको विमानमा चढेर संसार घुम्दैनन् । उनीहरू मानव निर्मित भौतिक विमानमा चढेर संसार घुम्छन् र विश्वलाई यथार्थपरक रूपले नियाल्छन् ।जनसाहित्य वा प्रगतिवादीहरूको कला श्रमिकहरूको पसिनाबाट उत्पन्न हुन्छ । प्रगतिवादी लेखकहरूले कलमको सहयोगमा दुस्मनहरूको संसार ढाल्छन् । संसारमा देखापर्ने सङ्घर्षका रूपलाई राम्ररी बुझाउन र देखाउन सक्छन् । तिनलाई जीवनमुखी बनाउँदै लेख्छन् ।

**प्रगतिशील साहित्य र प्रगतिवादी साहित्य वा जनसाहित्य**

प्रगतिशीलता र प्रगतिवाद समानार्थी शब्द होइनन् । यी दुई शब्दले दिने अर्थ अलग अलग छन् तर पनि कतिपय अवस्थामा यी दुई शब्दको प्रयोग समानार्थी शब्दकै रूपमा गरिन्छ । मूलतः मार्क्सवादी दर्शनमा विश्वास राख्ने लेखकहरू प्रगतिवादी साहित्यकारका रूपमा चिनिन्छन् । उनीहरू मार्क्सवादी दर्शन अङ्गीकार गरी साहित्य सिर्जना गर्दछन् तर मार्क्सवादी विचार ग्रहण नगरैकै भएपनि समाजमा विद्यामान कुरीति, धार्मिक आडम्बर, अन्याय, रूढिवादी, साम्प्रदायिक सङ्कीर्णता, पुरोहितवाद, सामान्तवाद आदिको विरोध गर्दै तत्कालीन समाजमा जागरणमुखी चेतना पैदा गराउने उद्देश्यले साहित्य सिर्जना गर्दछन् भने त्यस्ता साहित्यकारहरू प्रगतिशील हुन्छन् (तिम्सिना, २०६९, पृ.८८) । यस आधारमा प्रगतिवादसम्म पुग्ने यात्राको प्रारम्भ प्रगतिशीलताबाट हुन्छ ।

प्रगतिशील साहित्यकारहरूले पूर्णतः मार्क्सवादी चिन्तन आत्मसात् गरेका हुँदैनन् । मार्क्सवादी दर्शन पूर्णतः ग्रहण नगरेकै भए पनि वस्तुवादी, भौतिकवादी दृष्टिकोणसहित समाजका ह्रासशील पक्षको विरोध र विकासशील पक्षको विश्लेषण गरी अग्रगामी दृष्टिकोण बनाउने लेखनमा लक्षित हुन्छन् (वर्मा, १९८६ सन्, पृ.२०) । प्रगतिशीलहरू ईश्वरवादी, धर्मवादी पनि हुन सक्छन् ।वैज्ञानिक दृष्टि अँगाल्नेहरू पनि । प्रायः प्रगतिशील कवि लेखकहरू साम्यवादीका विचारधारा र कार्यक्रमसँग पूर्णतः सहमत हँदैनन् र खास गरेर उनीहरू सशस्त्र क्रान्ति तथा सर्वहारावर्गको निरङ्कुश शासन व्यवस्थाको विरोध गर्दछन् (जोशी,२०५४, पृ.६३) । अतः प्रगतिशीलता र प्रगतिवाद शब्दलाई समानार्थी शब्दका रूपमा प्रयोग गर्नु ठिक हुँदैन ।

**नेपालका सन्दर्भमा जनसाहित्य रचनाको औचित्य**

विपन्न जनताको पक्षमा साहित्य सृजना गर्नु पर्ने आवश्यकता टड्कारो रहेको छ । अझै पनि विपन्न जनतामाथि हुने शोषण, दमन, भेदभाव कायम रहेकाले उनीहरूको पक्षमा काम गर्न आवश्यक छ । सरकारले समृद्ध नेपाल, सुखी नेपाली भन्ने नारा घन्काएको धेरै वर्ष भयो तर देशमा शोषण, दमन र भेदभाव अझै पनि कायमै छ । आर्थिक क्षेत्रमा हुने शोषण, दमन र भेदभावमा कमी आएको छैन । सरकारले मानिसले मानिसलाई गर्ने शोषण समाप्त गर्ने कामको सोचेको छैन । आफ्नो दुनो सोझ्याउने काम मात्र गरेको छ । वामपन्थी नेता सरकारमा पुगे पनि श्रमजीवी वर्गका लागि सिन्कोसमेत भाँच्न सकेका छैनन् । त्यसैले विपन्न मजदुर र किसानका जीवन कहानी लेख्नै पर्ने भएकाले पनि जनवादी साहित्य लेखनको औचित्य रहेको छ ।

नेपाली भूमि रित्तिँदै छ । लाखौँ युवायुवतीहरू एक छाक खान, एकसरो लगाउन र आफ्ना दैनिक न्यूनतम समस्या समाधान गर्न समुद्रपारि जान बाध्य छन् । भूमिहीन सुकुम्वासी बढ्दै छन् । घरवारविहीन बढ्दै छन् । व्यक्तिगत समस्या समाधान गर्न नसक्दा मानसिक बिरामी र आत्महत्याको दर बढ्दै गइरहेको छ । न्यूनतम व्यक्तिगत आवश्यकता पूर्ति गर्नका लागि पनि कठिनाइ छ । यसर्थ आम जनताका पक्षमा साहित्य, कला रचना गर्नु अहिले पनि जनवादी साहित्यकारका लागि औचित्यपूर्ण काम नै रहेको छ ।

सीमाअतिक्रमण र राजनीतिक हस्तक्षेप नेपालको मुख्य समस्या हो । भारत र अन्य कतिपय देश नेपालको भूमि र राजनीतिमा सधैँ गिद्धेदृष्टि लगाउँछन् । नेपालको राजनीतिक परिवर्तन र सत्ता परिवर्तनमा अनावश्यक चासो र चिन्ता राख्छन् । यता सरकारमा बस्ने मान्छे आफ्नो अनुकूल बनाउन भारतलगायतका अन्य देश पनि कसरत गर्छन् । सुस्ता, कालापानी र लिपुलेख मात्र होइन भारतले रातारात जङ्घेपिलर पनि सार्छ । नेतृत्वमा रहने शासकहरू कुनै बेला त्यसको विरोध गर्छन्, कुनै बेला चुइक्क पनि गर्दैनन् । बुर्जुवा साहित्यकारहरू शासकको मुख ताक्छन्, बाटो हेर्छन तर यस्ता विदेशी हस्तक्षेपको विरोध गर्ने काम जनसाहित्यकारहरूको पहिलो प्रथमिकतामा पर्छ । उनीहरू हस्तक्षेप सहन सक्दैनन्, त्यसका विरोधमा बुलन्द आवाज घन्काउँछन् । नेपालका धर्म , संस्कृति , चाडबाड , रीतिरिवाजमा हने गरेका हस्तक्षेपको विरुद्धमा आवाज उठाएर जनतालाई गोलबद्ध गर्ने काममा जनसाहित्यकारहरूको अग्रणी भूमिका रहने भएकाले जनवादी साहित्य नेपालका लागि औचित्यपूर्ण रहेको छ ।

साहित्यकारको धर्म राज्यसत्तालाई खबरदारी गर्नु हो, चाकरी गर्नु होइन । खबरदारीका कारण शासकले सही बाटो लिन्छन् भने चाकरीका कारण शासकले बाटो बिराउँछन् । प्रगतिवादइतर साहित्यकार तथा कलाकारहरूले सत्ताको गुणगानकै आडमा आफ्नो दुनो सोझ्याउने र शिखर चुम्ने अवस्था हाम्रो समाजमा छर्लङ्ग छँदै छ । आँखा चिम्लेर त्वं शरणम् हुने प्रवृत्तिका कारण हाम्रा कलमहरूले पनि फेरि गरुड पुराणका नयाँ नयाँ

संस्करण तयार गर्दै जाने हो भने हामीले चाहेको जनमुखी नवसंस्कृतिको निर्माणमा कहिल्यै सहज हुँदैन ( खतिवडा, २०६९, पृ.१२४) । परम्पराका नाममा यस्तो विकराल अवस्थामा जनपक्षीय साहित्यिक आन्दोलनको औचित्य टड्कारो रहेको छ ।

## साहित्यको अन्तर्वस्तुसम्बन्धी जनसाहित्यिक वा प्रगतिवादी मान्यता

विचार, विषय तथा सौन्दर्यात्मक मूल्यचेतनाको बिचमा पाइने सम्बन्धको समष्टिगत रूप अन्तर्वस्तु हो । यसलाई विषयवस्तु वा भाव पनि भनिएको पाइन्छ । सिर्जनात्मक साहित्यमा यसलाई महत्त्व दिइन्छ । प्रगतिवादी/जनवादी साहित्यमा यथार्थलाई अन्तर्वस्तुका रूपमा ग्रहण गरिने हुनाले यसमा आदर्शवादी, अराजकतावादी, भाववादी पक्षको प्रायः शून्यता रहन्छ । साहित्यकार तत्कालीन समयको सचेत व्यक्ति भएकाले आफ्ना रचनामा विद्यमान सामाजिक यथार्थलाई अन्तर्वस्तुका रूपमा ग्रहण गरी युगीन मानवीय मूल्य कलात्मक रूपले व्यक्त गर्ने कुरालाई भुल्नुहुँदैन भन्ने कुराको हेक्का जनसाहित्यकारमा हुन्छ । जनवादी लेखकहरूमा वैज्ञानिक विश्व दृष्टिकोणको स्पष्ट ज्ञानको जरूरत पर्ने हुनाले विश्व वैज्ञानिक दर्शनका रूपमा स्थापित भएको द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई नै सौन्दर्य चिन्तनको आधार बनाउने कुरा अनिवार्य सर्त रहन्छ । प्रगतिवादमा कुनै पनि वस्तु घटना र विषयलाई व्याख्येय ठानिन्छ र अन्तर्विरोधलाई परिवर्तनको उत्प्रेरक मानिन्छ (तिम्सिना २०६९, पृ. ९२)।

जनसाहित्यकारहरूले मौलिक, राष्ट्रिय एवम् नयाँ जनवादी संस्कृतिको योजनाबद्ध निर्माणमा जोड दिन्छन् । त्यसैले उनीहरू बहुसंस्कृति प्रथा र सांस्कृतिक सद्भाव कायम राख्नुपर्ने कुरामा विश्वास गर्दछन् । अवतारवादी चिन्तन र कर्मकाण्डवादी पद्धतिको विरोध गर्नु उनीहरू उनीहरूको मुख्य उद्देश्य रहेको हुन्छ । यस्ता साहित्यमा विलासी, भद्धा, भड्किलो, महङ्गो तथा सामन्ती बुर्जुवा संस्कृतिको तीव्र विरोध हुन्छ र राष्ट्रिय जनसंस्कृति निर्माणमा विशेष जोड दिइन्छ । यसले समाजलाई सांस्कृतिक भ्रष्टीकरणबाट जोगाई जनसंस्कृति निर्माणको अभियानमा सहयोग पुग्छ । जनसाहित्यमा सांस्कृतिक अपभ्रंशको विरोध हुन्छ । यसले जातीय उत्पीडन, महिला समस्या, स्वाधीनता, राष्ट्रियता, भाषिक समानता जस्ता कुरामा पनि द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण र गतिशील यथार्थकै केन्द्रविन्दुमा व्याख्याविश्लेषण गर्दछ । तसर्थ जातीय भेदभाव, छुवाछुत प्रथा, महिला हिंसा आदिका विरुद्धमा कलम चलाउनु प्रगतिवादी साहित्यकारहरूको विशेष काम हो । प्रगतिवादमा भाग्य, पुर्पुरो, पुनर्जन्म, स्वर्गप्राप्तिजस्ता कपोलकल्पित कुरालाई समान्तवादी राज्यसत्ताको अपव्याख्याबाट सिर्जित भ्रममात्र हुन् भन्ने ठानिन्छ (भट्टराई २०७४, पृ. ३० )।

## साहित्यको रूप पक्षसम्बन्धी जनसाहित्यिक वा प्रगतिवादी मान्यता

प्रगतिवादी साहित्यकारले कला वा रूप पक्षलाई अन्तर्वस्तुभन्दा कम महत्त्वपूर्ण दिन्छन् । प्रगतिवादीहरू सामाजिक परिर्वतनलाई आत्मसात् गर्दछन् । तसर्थ उनीहरूका रचनाको अन्तर्वस्तु गतिशील हुन्छ । यसका तुलनामा रूप पक्ष केही स्थिर देखिन्छ । साहित्य वा कला जीवनका लागि भन्ने मान्यता मुलत: प्रगतिवादीहरूको हो । प्रगतिवादीले साहित्यलाई सामाजिक रूपान्तरणको माध्यय बनाउन चाहन्छन् । जनपक्षीय विचार निर्माण तथा सम्प्रेषणमा सहयोग पुऱ्याओस् भन्ने चाहना उनीहरूको हुन्छ । अधिकांश जनताको हितमा केन्द्रित साहित्यकारहरूले लेखेका रचनामा सर्वसाधारण जनताले बुझ्ने स्तरको भाषिक प्रयोग हुनुपर्छ भन्ने प्रगतिवादी साहित्यकारहरूको धारणा रहन्छ । तसर्थ सर्वसाधारणले बुझ्ने भाषा, लय, सङ्गीत, बिम्ब, प्रतीक, अलङ्कार आदिको प्रयोग गरेर अन्तर्वस्तु प्रस्तुत गर्ने काम प्रगतिवादमा गरिएको हुन्छ (भट्टराई २०७४, पृ. ३१ ) ।

लोकप्रचलन जनप्रियता एवं प्रयोजनलाई ध्यानमा राखेर अन्तर्वस्तु उद्घाटन गर्ने काम प्रगतिवादमा गरिन्छ। अन्तर्वस्तुलाई उद्घाटन गर्न आउने रूपगत प्रविधिहरू अन्तर्वस्तु परिवर्तन हुनासाथ परिवर्तन हुने हुनाले जनतामा लोकप्रिय बनेकै रूपविधिको उपयोग गरेर अभिव्यक्ति दिनुपर्छ (फिसर, १९९०, पृ. १३५)। रूपलाई स्थिर तत्त्व ठान्ने कला कलाका लागि भनी अन्तर्वस्तुबाट अलग्याए रूपलाई नै सर्वोपरि ठान्ने रूपवादी चिन्तनका दुवै अतिवादलाई चिरेर अन्तर्वस्तु र रूपको सापेक्षित सम्बन्धमा विश्वास राखी रचना भएको कला विशिष्ट हुन्छ। प्रगतिवादी साहित्यकारहरूले यसलाई विशेष ध्यान पुऱ्याएका हुन्छन्।

## जनसाहित्य वा प्रगतिवादी साहित्यका मूल मान्यता

मार्क्सको समाजवादी दर्शनमा आधारित द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणमा विश्वास गर्ने साहित्यिक दर्शन विशेषलाई प्रगतिवाद भनिन्छ भने यसै दर्शनमा आधारित रचनालाई जनसाहित्य भनिन्छ। प्रगतिवादले भौतिकवादमा विश्वास गर्छ। भौतिकवादले प्रत्यक्ष प्रमाणमा विश्वास गर्छ। यसले अनुमान, कल्पना, भावनाजस्ता कुरामा ध्यान दिँदैन। तसर्थ काल्पनिक साहित्य प्रगतिवादी वा जनसाहित्यकारका लागि अस्वीकार्य हुन्छ। ईश्वर, धर्म, स्वर्गनर्क, पूर्वजन्म, पुर्नजन्म, परलोकजस्ता कुरामा यसले आस्था राख्दैन। यसको विशिष्ट उद्देश्य भनेकै अपेक्षित, अपहेलित, उत्पीडित वर्गको उन्नति प्रगतिका लागि आवाज उठाउँदै चिन्तनलाई व्यहारमा उतार्ने संस्कृति निर्माण गर्नु र लामो समयदेखि दबिएर बसेका जनपक्षीय विचारहरूको आवाज उठाइदिनु हो। सामन्ती पूँजीवादी, साम्राज्यवादी, विस्तारवादी चिन्तनले सर्वहारा वर्गमा पारेको नकारात्मक प्रभावको अन्त गर्ने मुख्य उद्देश्यका साथ कलम चलाउनु प्रगतिवादी साहित्यकारहरूको मुख्य काम हो। प्रगतिवादमा अवतारवादी चिन्तन र कर्मकाण्डवादी प्रवृत्तिको घोर विरोध गरिन्छ (भट्टराई, २०७४, पृ.३१)। अतः यो भौतिकवादी र वैज्ञानिक अवधारणा हो।

मेक्सिम गोर्कीका विचारमा समाजवादी यथार्थवाद परम्परा र भ्रष्टाचारका विरुद्ध आमूल क्रन्तिकारी परिवर्तनको सूचक हो। राल्फ फक्सका विचारमा क्रान्तिको उद्घाटन गर्नु द्वन्द्व र सङ्घर्षको कार्यकारण सम्बन्धबाट समाधान खोज्नु समाजवादी यथार्थवादको प्रमुख लक्ष्य हो भने क्रिस्टोफर कडवेलका विचारमा समाजवादी यथार्थवादले व्यक्तिलाई भन्दा बढी समाजलाई महत्त्व दिनुपर्छ (शर्मा र लुइटेल, २०६१, पृ. ३०३)। मूलतः आदर्शवादको विरोध र द्वन्द्वात्मक भौतिकवादको समर्थन गर्नु, मानवहित, मानव कल्याण तथा वर्गहीन एवम् शोषण रहित समाज स्थापनामा जोड दिनु, समाज व्यवस्थाको परिवर्तन एवम् शोषणरहित समाजको निर्माणमा चासो राख्नु, जाति, वर्ग, धर्म, सम्प्रदाय आदिवाट माथि उठेर विश्व मानवका कल्याणलाई ध्यान दिनु, दीनदुःखी र गरिबहरूको पक्षमा वकालत गर्नु, सामन्तवादी पूँजीवादी व्यवस्थाका विकृति विसङ्गतिको भण्डाफोर गर्नु, समानता, बन्धुत्व तथा मानवतावादी भावनालाई जागृत गराउनु, ईश्वर धर्मजस्ता अवैज्ञानिक धारणाहरूको विरोध गरी वैज्ञानिकतामा विश्वास गर्नु, रूपपक्षलाई भन्दा अन्तर्वस्तु वा विषयवस्तुलाई बढी जोड दिई साहित्य सिर्जना गर्नु, लोक जीवनका सुख दुःख, संयोगवियोग, हाँसोआँसुलाई सिर्जनामान समेट्नु, किसान, मजदुर जस्ता वर्गका पात्रहरूलाई साहित्यमा स्थान दिनु, शोषणरहित, न्यायपूर्ण एवम् समानतापूर्ण समाजको रचना गर्ने उद्देश्य राख्नु, वस्तु सत्यको चित्रणमा केन्द्रित हुनु, व्यक्तिलाई भन्दा समाज चित्रणलाई जोड दिनु प्रगतिवादका मुख्य मान्यता हुन्।

## निष्कर्ष

जनताको पक्षमा लेखिने साहित्य नै जनसाहित्य हो। अन्य क्षेत्रजस्तै साहित्यमा पनि विभिन्न दृष्टिकोण पाइन्छन्। साहित्य मनोरञ्जनका वा आनन्दका लागि रचना हुनुपर्छ, साहित्य राजनीतिदेखि टाढा रहनुपर्छ र

साहित्यमा राजनीतिगन्ध कदापि आउनु हुँदैन भन्ने मान्यता एकातिर छ भने अर्कातिर जीवनका लागि साहित्य रचना गरिने भएकाले समाज र राजनीति निरपेक्ष साहित्य रचना हुन सक्दैन भन्ने मान्यता पनि पाइन्छ । जनसाहित्यमा यीमध्ये दोस्रो मान्यतालाई स्वीकार गरिन्छ । समाज निर्माणको लामो कालखण्डमा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण नै समाज बुझ्ने/बुझाउने वैज्ञानिक दर्शन मान्नेहरूले जनतालाई जागरुक बनाउन जनसाहित्यमार्फत् समाजको सत्यतथ्य बाहिर ल्याउँछन् । त्यसैले समाज परिवर्तनको संवाहकको भूमिका जनसाहित्यले निर्वाह गर्न सक्छ । जनतालाई मुक्तिका लागि अग्रसर बनाउन प्रेरणा दिने साहित्य नै जनसाहित्य हो । जनसाहित्य प्रगतिवादी चेतनामा अडिएको हुन्छ । यसले ऐतिहासिक वर्गसंघर्षरूपी यात्रालाई सचेततापूर्ण ढङ्गले नियाल्छ । सामन्ती र बुर्जुवाहरूका कुत्सित एवं कुटिल कर्तुतलाई जनतासामु बोध गराउँछ । त्यसैले जनसाहित्यमा बहुसङ्ख्यक श्रमजीवी, गरिब किसान, मजदुर, श्रम–पसिना बगाउने भूमिहीन किसान र तिनका पक्षधरको मुक्तिका लागि अवाज उठाएको हुन्छ । यसमा विलासी, भद्धा, भड्किलो, महङ्गो तथा सामन्ती बुर्जुवा संस्कृतिको तीव्र विरोध गरिन्छ र राष्ट्रिय जनसंस्कृति निर्माणमा विशेष जोड दिइन्छ । त्यसैले समाजलाई सांस्कृतिक भ्रष्टीकरणबाट जोगाई जनसंस्कृति निर्माणको अभियाननिर्माणमा जनसाहित्यले सहयोग गर्दछ । यसर्थ बहुसङ्ख्यक जनताको मुक्ति र उनीहरूको वर्ग सत्ताको स्थापना गर्न ऊर्जा प्राप्त गर्न सक्ने क्षमता लुकेको साहित्य नै जनसाहित्य हो ।

मार्क्सको समाजवादी दर्शनमा आधारित द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणमा विश्वास गर्ने साहित्यिक दर्शन नै जनसाहित्य हो । यसले भौतिकवादमा विश्वास गर्छ । भौतिकवादले प्रत्यक्ष प्रमाणमा विश्वास गर्छ । यसले अनुमान, कल्पना, भावना जस्ता कुरामा ध्यान दिँदैन । तसर्थ काल्पनिक साहित्य जनसाहित्यका लागि स्वीकार्य हुँदैन । ईश्वर, धर्म, स्वर्गनर्क, पुर्नजन्म, परलोकजस्ता कुरामा यसले आस्था राख्दैन । यसको विशिष्ट उद्देश्य भनेकै समाजमा भएका अपेक्षित, अपहेलित, उत्पीडित वर्गको उन्नति प्रगतिका लागि आवाज उठाउनु हो । यसको मुख्य काम लामो समयदेखि दबिएर बसेका जनपक्षीय आवाज उठाइदिनु हो । सामन्ती पूँजीवादी, साम्राज्यवादी, विस्तारवादी चिन्तनले सर्वहारा वर्गमा पारेको नकारात्मक प्रभावको अन्त गर्ने मुख्य उद्देश्यका साथ सोद्देश्यमूलक ढङ्गले कलम चलाउनु प्रगतिवादी साहित्यकारहरूको मुख्य काम हो ।यसमा अवतारवादी चिन्तन र कर्मकाण्डवादी प्रवृत्तिको घोर विरोध गरिन्छ । यसले जातीय उत्पीडन, महिला समस्या, स्वाधीन, राष्ट्रियता, भाषिक समानताजस्ता कुरामा पनि द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण र गतिशील यथार्थकै केन्द्रविन्दुमा व्याख्या तथा विश्लेषण गर्दछ । तसर्थ यस्तो साहित्यमा जातीय भेदभाव, छुवाछुत प्रथा, महिला हिंसा आदिका विरुद्धमा कमल चलाइन्छ र भाग्य, पुर्पुरो, पुनर्जन्म, पूर्वजन्म, स्वर्गप्राप्तिजस्ता कपोकल्पित कुरालाई सामन्तवादी राज्यसत्ताको अपव्याख्याबाट सिर्जित भ्रम मात्र हुन्, सत्य होइनन् भन्ने कुरा ठानिन्छ ।साहित्य वा कला जीवनका लागि भन्ने मान्यता जनसाहित्यकारहरूको हो । उनीहरू साहित्यलाई सामाजिक रूपान्तरणको माध्ययम बनाउन चाहन्छन् । साहित्यले जनपक्षीय विचार निर्माण तथा सम्प्रेषणमा सहयोग पुऱ्याओस् भन्ने चाहना उनीहरूको हुन्छ । सर्वसाधारणले बुझ्ने भाषा, लय, सङ्गीत, बिम्ब, प्रतीक, अलङ्कार आदिको प्रयोग गरेर अन्तर्वस्तु प्रस्तुत गर्ने काम जनसाहित्यकारले गरेका हुन्छन्। लोकप्रचलन,जनप्रियता एवं जनप्रयोजनलाई ध्यानमा राखेर अन्तर्वस्तु उद्घाटन गर्ने काम जनसाहित्यमा गरिन्छ ।

नेपालमा व्यवस्था परिवर्तन भएपनि अवस्था परिवर्तन भएको छैन । विपन्न जनताको मुक्तिका लागि साहित्य सिर्जना गर्नु पर्ने आवश्यकता छँदै छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा विपन्न जनतामाथि हुने शोषण, दमन र भेदभावको अन्त्य भएको छैन । उनीहरूको पक्षमा काम गर्न बाँकी नै छ । सरकारले समृद्ध नेपाल, सुखी नेपाली भन्दैमा समृद्धि आउने होइन । समाजमा शोषण, दमन र भेदभाव अझै पनि कायमै छ । आर्थिक क्षेत्रमा

हुने शोषण, दमन र भेदभावमा कुनै कमी आएको छैन । सरकारले मानिसले मानिसलाई गर्ने शोषण समाप्त गर्ने कामको थालेको त कुरै नगरौँ सोचेको पनि छैन । आफ्नो दुनो सोझ्याउने काम मात्र गरेको छ । अतः लक्षित जनतालाई गोलबन्द गर्ने अभियान बाँकी नै छ । वामपन्थी नेता सरकारमा पुगे पनि श्रमजीवी वर्गका लागि सिन्कोसमेत भाँच्न सकेका छैनन् । त्यसैले विपन्न मजदुर र किसानका जीवन कहानी लेख्नै पर्ने भएकाले जनवादी साहित्य रचनाको औचित्य रहेको छ ।

प्रतिभा पलायनका कारण नेपाली भूमि रित्तिँदै छ । लाखौँ युवायुवतीहरू एक छाक खान, एकसरो लगाउन र आफ्ना दैनिक न्यूनतम समस्या समाधान गर्न समुद्रपारि प्रवासमा बस्न बाध्य छन् । भूमिहीन सुकुम्वासी दिनानुदिन बढ्दै छन् । घरवारविहीन नेपालीहरू बढ्दै छन् । व्यक्तिगत समस्या समाधान गर्न नसक्दा मानसिक विरामी र आत्महत्याको दर हेर्दा कहाली लाग्दो अवस्था छ । न्यूनतम व्यक्तिगत आवश्यकता पूर्ति गर्नका पनि देशमा कठिनाइ छ । यसर्थ आम जनताका पक्षमा साहित्य, कला रचना गर्नु अहिले पनि जनवादी साहित्यकारको मुख्य जिम्मेवारी हो देखिन्छ । साहित्यकारको धर्म राज्यसत्तालाई खबरदारी गर्नु हो, चाकरी गर्नु होइन । खबरदारीका कारण शासकले सही बाटो लिन्छन् भने चाकरीका कारण शासकले बाटो बिराउँछन् । प्रगतिवादइतर साहित्यकार तथा कलाकारहरूले सत्ताको गुणगानकै आडमा आफ्नो दुनो सोझ्याउने र शिखर चुम्ने अवस्था हाम्रो समाजमा घामजस्तै छर्लङ्ग छँदै छ । यस्तो विकराल अवस्थामा जनपक्षीय साहित्यिक आन्दोलनको औचित्य टड्कारो रहेको देखिन्छ ।

**सन्दर्भसामग्री**


खतिवडा, भीम (२०६९), जनताको बहुदलीय जनवादी साहित्य र जनसाहित्यकर्मीहरूको दायित्व, *जनसाहित्य* (वर्ष ९, पृ. १२० –१२५) ।

जोशी, कुमारबहादुर (२०५४), *पाश्चात्य साहित्यका प्रमुख वाद*, साझा प्रकाशन ।

तिमल्सेना, पशुपतिनाथ (२०६४), *प्रगतिवादी कविता : मान्यता र प्रवृति*, ओजन बुक्स स्टेसनर्स।

तिमल्सेना, पशुपतिनाथ (२०६९), प्रगतिशील साहित्यलेखनका विद्यमान समस्या र चुनौतीहरू, *संस्कृति* (अङ्क ९, पृ. ८५–१०२)

त्रिपाठी, वासुदेव (२०५८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग– २*, साझा प्रकाशन ।

पोखरेल, बद्रीविशाल (२०६९ ), बहुदलीय जनवादी प्रगतिवादी साहित्यिक मान्यता, *संस्कृति* (अङ्क ९, पृ.१०४ –११८)।

फिसर, अर्न्स्ट (१९९० सन् ), *कलाकी जरुरत* (अनु), रमेश उपाध्याय, राजकमल प्रकाशन ।

भट्टराई, तीर्थराज (२०७४), प्रगतिवादी साहित्यिक मूल्यमान्यताहरू, *जनसाहित्य* (वर्ष १,अङ्क १, पृ. २९ –३२) ।

वर्मा, जनेश्वर (१९८६ सन् ), *प्रेमचन्द्र : एक मार्क्सवादी मूल्याङ्कन*, कानपुर ग्रन्थम् ।

शर्मा, मोहनराज र लुइटेल, खेगन्द्रप्रसाद (२०६१ ), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।